# विराटनगर महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
## मोरंग, विराटनगर
## प्रदेश न. १ नेपाल

### डेस्कटप कम्प्यूटर समेत खरिदको लागि वोलपत्र आव्हानको
### ॥ सूचना ॥

**प्रथम पटक सूचना प्रकाशित भएको मिति: २०७८/०४/०५**

१ विराटनगर महानगरपालिका नगर कार्यपालिकाको कार्यालयले डेस्कटप कम्प्यूटर समेत खरिद गर्न वोलपत्रको माध्यमवाट यो वोलपत्र आव्हान गर्दछ ।

२ योग्य वोलपत्रदाताहरूले यस सम्वन्धी थप जानकारीको लागि वा दरभाउपत्र सम्वन्धी कागजातहरु हेर्न /अध्ययन गर्न चाहेमा, यस कार्यालयको निम्न ठेगानामा सम्पर्क राख्न सक्नेछन्।

खरिद कर्ता : विराटनगर महानगरपालिका, मोरङ्ग
फोन न : ०२१ ५१४०३०

३. शिलवन्दी वोलपत्र सम्वन्धी कागजात यो सुचना पत्रिकामा प्रकाशित भएको मितिले वोलपत्रको हकमा ३० औं दिनसम्म कार्यालय समय भित्र रु.३०००। तिनहजार कृषि विकास बैंक विराटनगरमा रहेको यस महानगरपालिकाको आम्दानि खाता न. ०६०१६०११४५९७३११३ मा फिर्ता नहुने गरि जम्मा गरेको सक्कलै भौचर यस कार्यालयमा बुझाए पछि यस कार्यालयबाट वोलपत्र फाराम खरिद गर्न सकिने छ ।

४ इच्छुक फर्म, कम्पनी वा संस्थाले वोलपत्र खरिद गर्दा आ.व. २०७८।०७९ सम्मको लागि नविकरण गरीएको सम्वन्धित विषयको कारोवार गर्ने इजाजत पत्र वा फर्म दर्ता प्रमाण पत्र, स्थायी लेखा नम्बर, नागरिकताको प्रमाणपत्र र आ.व २०७६।७७ सम्मको कर चुक्ता गरेको प्रमाणपत्रका प्रतिलिपिहरु, न.पा. व्यवसाय प्रमाणपत्रको प्रतिलिपी मान्यता प्राप्त नोटरी पब्लिकबाट प्रमाणित गराई निवेदन साथ संलग्न राखि प्रोपाइटर स्वयम उपस्थित भई वा अधिकारिक मन्जुरनामा सहितको प्रतिनिधि पठाई खरिद गर्न सकिने छ ।

५. वोलपत्र फाराम पेश गर्दा यो सुचना प्रथम पटक प्रकाशित भएको मितिले ३१ औं दिन सम्म दिनको १२ बजे भित्र शिलवन्दी खाममा यस कार्यालयलाई सम्वोधन गरी के कामको लागि शिलवन्दी फाराम पेश गर्न लागिएको हो सो कामको विवरण नाम, ठेगाना, फोन न. समेत खुलाई अधिकारिक व्यक्ति द्वारा सिलवन्दी वोलपत्र यस कार्यालयमा दर्ता गराउन सकिने छ । दर्ता हुन आएको वोलपत्र फाराम कार्यालय प्रमुखको दस्तखत तथा यस कार्यालयको छाप लागेको हुनु पर्नेछ ।

६. दर्ता भएका फारामहरु वोलपत्रको हकमा ३१ औं दिनको १ बजे वोलपत्रदाता वा निजका प्रतिनिधिहरु र कार्यालयका प्रतिनिधिहरुको रोहवरमा यस कार्यालयमा खोलिने छ । वोलपत्रदाता वा निजहरुका प्रतिनिधिहरु उपस्थित नभएमा पनि शिलवन्दी वोलपत्र खोल्न बाधा पर्ने छैन ।

७ वोलपत्र खोल्ने अन्तिम दिन सार्वजनिक विदा परेमा उक्त कार्य विदाको लगत्तै पछि कार्यालय खुलेको दिन सोही समयमा हुनेछ ।

८. वोलपत्र साथ यस कार्यालयको कृषी विकास वैंक मुख्य शाखा कार्यालय विराटनगरमा रहेको धरौटी खाता.नं. ०६०१६०११४५९७३०३२ मा रु.६५,०००। पैसट्ठी हजार जम्मा गरेको सक्कल भौचर संलग्न राख्नु पर्नेछ वा मान्यताप्राप्त वैंकवाट कम्तीमा ९० दिनको मान्यता भएको वैंक ग्यारेन्टीको सक्कलै पत्र संलग्न राख्नु पर्नेछ ।

९. बोलपत्र पेश गर्दा मुल्य अभिवृद्धि कर बाहेकको दर पेश गर्नुपर्नेछ ।

१०. बोलपत्र आंशिक रुपमा स्वीकार गर्ने वा अस्वीकार गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहने छ.

११. स्पेशिफिकेसन अनुसारको डेस्कटप कम्प्युटर समेतका सामानहरु खरिद आदेश पाएको मितिले ७ सात दिनभित्र बिराटनगर महानगरपालिकामा उपलब्ध गराउनु पर्नेछ ।

१२. कार्यालयमा सामान दाखिला हुन आउदा ग्यारेन्टी वारेन्टीको कागजातहरु पनि संलग्न हुनुपर्नेछ ।

१३. यस सूचनामा उल्लेख हुन छुट भएका कुराहरु कार्यालयबाट उपलब्ध गराईएको बोलपत्र कागजात अनुसार र अन्य कुराहरुको हकमा सार्वजनिक खरिद ऐन २०६३ तथा सार्वजनिक खरिद नियमावली २०६४ एवम् प्रचलित ऐन नियमानुसार हुनेछ ।

१४. सो घोषणपत्र समावेश गर्नुपर्नेछ । खरिद कारवाहीमा भाग लिन अयोग्य नभएको स्वार्थ नबाझि र व्यवसाय सम्बन्धी कसुरमा सजाय नपाएको भन्ने लिखित घोषणा गरेको कागजात बोलपत्र साथ अनिवार्य रुपमा संलग्न गर्नुपर्छ ।

कामको विवरण

| सि. नं. | खरिदको प्याकेज | खरिदको माध्यम | फाराम दस्तूर | जमानत रकम | सुचना |
|---|---|---|---|---|---|
| १. | डेस्कटप कम्प्युटर समेत | बोलपत्र | ३०००। | ६५०००। | ३० दिने |

बिराटनगर महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बिराटनगर, मोरङ्ग
१ नं. प्रदेश, नेपाल